# नेत्रावती डबजोङ गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

सेमजाङ , धादिङ

३ नं. प्रदेश, नेपाल

**क्याटलग/ब्रोसर सपिङ विधिबाट ट्र्याक्टर खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : (२०७६/१०/०१ गते)

आ.व.२०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **ट्र्याक्टर** क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन १२ बजेसम्म यस कार्यालयमा रितपूर्वक सिलबन्दी निवेदन दर्ता गराउन आहवान गरिएको छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४.०० बजे खोलिनेछ । यो सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाँटी तथा www.netrawatimun.gov.np मा समेत हेर्न सकिनेछ ।

डिल भान शाक्य

प्रमुख प्रशासकीय अधिकृत

# नेत्रावती डबजोङ गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

सेमजाङ , धादिङ

३ नं. प्रदेश, नेपाल

## क्याटलग/ब्रोसर सपिङ विधिबाट ट्र्याक्टर खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७६/१०/०१ गते)

यस कार्यालयको आ.व.२०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको मेशिनरी उपकरण सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४(चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो **सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिकेता (Importer)** हरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर), ,गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१) ट्र्याक्टरको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ । कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको offered specification column मा आफनो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा मांग गरिएका अरु थप विवरण अनिवार्य भरेर सही छाप गरी सिलबन्दीका साथ पेश गर्नुपर्नेछ।

२) उक्त कागजात लिनका लागी ईच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र ,सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन १२ बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । **साथै नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको authorization पत्र ( Manufacturer Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।**

३) यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन १२ बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४.०० बजे खोलिनेछ ।

४)साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ ।

५) पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | Tractor 4WD | **4 strokes, 4 cylinders, water cooled diesel engine with total displacement of minimum 3500 cc, Max. Power Output in the range 60 HP Category** | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिम हुनेछ । |

डिल मान शाक्य
प्रमुख प्रशासकीय अधिकृत